**विश्वविद्यालय अनुदान आयोग**
**शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्**
सानोठिमी, भक्तपूर, नेपाल ।
सूचना प्रकाशन मिति :२०८१/९/२६

**गुणस्तर अभिवृद्धि (Quality Enhancement) कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्ने सम्बन्धमा ।**

विश्वविद्यालय अनुदान आयोग अन्तर्गत सञ्चालित उच्च शिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रम (Nurturing Excellence in Higher Education Program , NEHEP ) को Result Area २ अन्तर्गतका Sub Result Areas मध्ये गुणस्तर अभिवृद्धि (Quality Enhancement) कार्यक्रममा सहभागिताको लागि यस आयोगबाट गुणस्तर प्रत्यायनकृत भई देहायको योग्यता पूरा भएका उच्च शैक्षिक संस्थाहरु (विश्वविद्यालयका केन्द्रीय विभाग, आंगिक र सामुदायिक क्याम्पस) ले २०८१ फागुन १० गते सम्म कार्यालय समय भित्र आवश्यक कागजात सहित यस आयोगमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवेदनका लागि योग्यता**

- सूचना प्रकाशन मिति भन्दा अगावै गुणस्तर प्रत्यायनकृत भईसकेको ।
- आ.व. ०८१/८२ को अन्त्यसम्म प्रत्यायनको अवधि कायम रहेको ।
- आ.व. ०७९/८० र ०८०/८१ मा गुणस्तर अभिवृद्धि कार्यक्रममा सहभागि भई केही सूचकहरुमा अनुदान प्राप्त गरेका तर हाल प्रत्यायनको अवधि समाप्त भइसकेको संस्थाको हकमा आवेदन दिने अन्तिम मितिसम्म पून: प्रत्यायनका लागि आयोगमा स्व-अध्ययन प्रतिवेदन पेश गरिसकेको हुनुपर्ने । यद्यपी उल्लेखित आर्थिक वर्षहरुमा आवेदन नदिएका संस्थाको हकमा यो व्यवस्था लागू हुने छैन ।

**आवेदनका शर्तहरु**

NEHEP सम्वद्ध कार्यसञ्चालन निर्देशिका (Operations Manual) को परिच्छेद ५.२ मा भएको व्यवस्था अनुसार आवेदन पेश गर्दा निम्न शर्तहरु पूरा गरेको हुनुपर्नेछ :

**क) सामान्य शर्त**

- स्नातकोत्तर तह सञ्चालनमा रहेका संस्थाहरुले विषयगत विधाहरु मध्ये १ देखि ३ सम्मका प्रत्येक विधाबाट कम्तिमा २ वटा सहित समग्रमा न्यूनतम ६ वटा सूचकहरुमा अनिवार्य रुपमा दाबी पेश गरेको हुनुपर्ने ।
- स्नातक तह मात्र सञ्चालनमा रहेका संस्थाहरुले विषयगत विधा २ बाट कम्तिमा १ वटा सहित समग्रमा न्यूनतम ६ वटा सूचकहरुमा अनिवार्य रुपमा दाबी पेश गरेको हुनुपर्ने ।

**ख) विशेष शर्त**

विषयगत विधा ४ बाट समेत दाबी पेश भएको खण्डमा (दाबी शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद् वा परिषद्ले तोकेको समितिबाट स्वीकृत भएमा मात्र मान्य हुनेछ)

- स्नातकोत्तर तह सञ्चालनमा रहेका संस्थाहरुले विषयगत विधा २ बाट कम्तिमा १ वटा सहित समग्रमा न्यूनतम ५ वटा सूचकहरुमा अनिवार्य रुपमा दाबी पेश गरेको हुनुपर्ने ।
- स्नातक तह मात्र सञ्चालनमा रहेका संस्थाहरुले समग्रमा न्यूनतम ५ वटा सूचकहरुमा अनिवार्य रुपमा दाबी पेश गरेको हुनुपर्ने ।

**छनौटका लागि शर्त**

गुणस्तर अभिवृद्धि कार्यक्रममा सहभागि हुने संस्थाहरुले कार्यक्रममा छनौट हुनलाई माथि आवेदनका शर्तहरुमा उल्लेख भए बमोजिमको न्यूनतम सूचकहरुमा अनिवार्य रुपमा योग्य हुनुपर्नेछ ।

कार्यसञ्चालन निर्देशिका (Operations Manual) र आवेदन प्रतिवेदनको ढाँचा आयोगको वेभसाईटमा उपलब्ध रहेको व्यहोरा समेत अनुरोध छ ।


थप जानकारीका लागि
**शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषदको सचिवालय**
विश्वविद्यालय अनुदान आयोग
सानोठिमी, भक्तपुर, नेपाल
इमेल : qaad@ugcnepal.edu.np, पोस्ट बक्स नम्बर: १०७९६ (काठमाडौं, नेपाल)
फोन : ०१-६६३८५४८/४९/५०/५१, फ्याक्स : ०१-६६३८५५२